**नेपाल फाईनान्स लिमिटेडका खातावाल ग्राहक महानुभावहरुलाई**

# अत्यन्त जरूरी सूचना

सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ (दोश्रो संशोधन ऐन, २०७०) सम्पत्ति शुद्धिकरण निवारण नियमावली २०७३, नेपाल राष्ट्रबाट जारी भएको एकिकृत निर्देशन २०७५ तथा बित्तीय जानकारी ईकाईको निर्देशन बमोजिम, यस वित्तीय संस्थामा खाता भएका सम्पूर्ण ग्राहक महानुभावहरु, खाता सञ्चालक र वास्तविक धनी समेतको ग्राहक पहिचान विवरण (KYC) अद्यावधिक गर्नु पर्ने भएको हुँदा यस नेपाल फाईनान्स लिमिटेडका खातावाल ग्राहक महानुभावहरु तथा खाता सञ्चालकहरुले समेत आफूले खाता सञ्चालन गरी रहेको सम्बन्धित शाखा वा आफुलाई पायक पर्ने यस वित्तिय संस्थाको कुनै पनि शाखा कार्यालयमा सम्पर्क गरी यस संस्थाले तोकेको (KYC) फाराम भरी यस अघि बुझाउन बाँकी रहेको कागजात, विवरण, परिवर्तित थप विवरण तथा नविकरण/अद्यावधिक भएका कागजात साथै खाता सञ्चालकहरुको ल्याप्चे सही छाप समेत यथा सम्भव उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ।

संस्थागत खातावालहरुले समेत आफ्ना सम्पूर्ण सञ्चालक, कार्यकारी/सञ्चालक समितिका सदस्यहरु, खाता सञ्चालककर्ताहरु, हिताधिकारी तथा १० प्रतिशत वा सो भन्दा बढी प्रत्यक्ष र अप्रत्यक्ष स्वामित्व हुने व्यक्तिहरुको विवरण र कागजात समेत उपलव्ध गराई दिनुहुन अनुरोध गर्दछौं।

यस वित्तीय संस्थामा एउटै प्रकृतिक व्यक्तिको नाममा एउटै प्रकृतिको एक भन्दा बढी खाता (मुद्दती खाता बाहेक) सञ्चालनमा रहेको भएमा ती मध्ये एउटै मात्र खाता सञ्चालनमा राखी अन्य खाता बन्द गरिदिनुहुन अनुरोध गर्दछौं।

उपरोक्त बमोजिमका खाताहरुका (KYC) विवरण अद्यावधिक नभएमा, शुन्य मौज्दात भएका खाताहरु स्वत निस्कृय भइ रोक्का रहने तथा खाता बन्द हुन सक्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौ।

ग्राहक पहिचान विवरण (KYC) फर्म संस्थाको वेबसाइटबाट समेत डाउनलोड गर्न सकिने व्याबस्था मिलाइएको जानकारी गराउँदछौ।

यसबाट ग्राहक महानुभावहरुलाई पर्न जाने असुबिधा प्रति यस वित्तीय संसथा क्षमा प्रार्थी छ।

**नेपाल फाइनान्स लिमिटेड**
प्रधान कार्यालयः कमलादी काठमाडौ
फोनं. ०१-४२४७०२०, ४२४१२३७